राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन विधि, २०७८

(पहिलो संशोधन, २०७९)

मधेश प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

मधेश प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
जनकपुरधाम धनुषा, नेपाल

राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन विधि, २०७८

(पहिलो संशोधन, २०७९)

प्रस्तावनाः मधेस प्रदेश सरकारले स्वीकृत गरेको प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार प्राविधिक तथा व्यवसायिक तालिम सम्बन्धी कार्य जिम्मेवारी सामाजिक विकास मन्त्रालयको क्षेत्राधिकारभित्र रहेको छ। नेपाल सरकार र स्वीस सरकारबीच भएको दुई पक्षीय सम्झौता र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो चरण (National Vocational Qualification System Project- NVQS-P, Phase II)को दस्तावेजमा प्रदेश स्तरमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (National Vocational Qualification System-NVQS) कार्यान्वयन गर्ने विषय समावेश भएकोले कार्यक्रमको स्रोत परिचालनलाई पारदर्शी, व्यवस्थित र नतिजा मूलक बनाउने अभिप्रायले **सामाजिक विकास** मन्त्रालयले यो विधि जारी गरेको छ।

परिच्छेद - १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधिको नाम "राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन विधि, २०७९, (पहिलो संशोधन, २०७९)" रहेको छ।

(२) यो विधि मधेश प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधिमा,-

(क) **"मन्त्रालय"** भन्नाले **सामाजिक विकास** मन्त्रालय, मधेस प्रदेशलाई सम्झनु पर्दछ।

(ख) **"परियोजना"** भन्नाले नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (National Vocational Qualification System Project-NVQS-P) सम्झनु पर्दछ।

(ग) **"स्थानीय तह"** भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकालाई सम्झनु पर्दछ।

(घ) **"राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली"** भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रको सुधारका लागि आवश्यक पर्ने प्रमुख प्रणाली (National Vocational Qualification System - NVQS) सम्झनु पर्दछ।

(ङ) **"राष्ट्रिय सीप परीक्षण समिति"** भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१ को दफा ८ बमोजिम गठित समिति सम्झनु पर्दछ।

(च) **"परियोजना कार्यान्वयन तथा समन्वय समिति"** भन्नाले परियोजनाको समन्वय तथा कार्यान्वयन गर्न मन्त्रालयले प्रदेशभित्र स्थापना गरेको "परियोजना कार्यान्वयन तथा समन्वय समिति (Project Implementation Coordination Committee-PICC)" सम्झनु पर्दछ।

(छ) **"प्रदेश परियोजना समन्वय इकाई "** भन्नाले परियोजनाको कार्यान्वयन गर्न मन्त्रालयबाट गठित प्रदेश परियोजना समन्वय इकाई (Provincial Project Coordination Unit-PPCU) लाई सम्झनु पर्दछ।

(ज) **"प्रदेश परियोजना सहयोग इकाई"** भन्नाले परियोजना कार्यान्वयनका लागि प्राविधिक सहयोग गर्ने संस्थाको सहयोगमा स्थापना भएको प्रदेश परियोजना सहयोग इकाई (Provincial Project Support Unit-PPSU) सम्झनु पर्दछ।

(झ) **"आजीवन सिकाई"** भन्नाले रोजगारीको सिलसिलामा प्रत्यक्ष वा परोक्ष रुपमा जीवनभर आर्जन गरिएको ज्ञान र सीपलाई सम्झनु पर्दछ।

(ञ) **"मूल्यांकनकर्ता"** भन्नाले ज्ञान र सीपहरुको मूल्यांकन गर्ने व्यक्ति (Assessor) सम्झनु पर्दछ।

(ट) **"दक्षता"** भन्नाले कार्यस्थलमा आवश्यक पर्ने सबै निर्धारित ज्ञान, सीप, क्षमता, धारणाहरुको लगातार प्रयोग गरी कुनै पनि विशेष काम वा कर्तव्य पूरा गर्ने क्षमतालाई सम्झनु पर्दछ।

(ठ) **"दक्षतामा आधारित मुल्यांकन"** भन्नाले कुनै पनि व्यक्तिको प्रतिस्पर्धात्मक दक्षता वा क्षमताको निर्धारण गर्न प्रमाणहरुको संकलन र परीक्षण गर्ने विधिलाई सम्झनु पर्दछ।

(ड) **"पूर्व सिकाई मान्यता"** भन्नाले कुनै पनि व्यक्तिले जीवनको पूर्वार्धमा औपचारिक/अनौपचारिक सिकाई विधिबाट आर्जन गरेको योग्यता (ज्ञान, सीप र धारणा) प्रयोग हुने स्तर र क्रेडिटको मूल्यांकन भन्ने सम्झनु पर्दछ।

(ढ) **"लाभग्राही"** भन्नाले प्रणाली मार्फत प्रत्यक्ष वा परोक्ष रुपमा फाइदा पाउने व्यक्ति वा संस्था सम्झनु पर्दछ।

(ण) **"सरोकारवाला"** भन्नाले प्रणाली कार्यान्वयनसँग प्रत्यक्ष सम्बन्धित व्यक्ति, पदाधिकारी, निजी क्षेत्र र संस्था समेतलाई सम्झनु पर्दछ।

(त) **"वार्षिक कार्यक्रम कार्ययोजना"** भन्नाले वार्षिक रुपमा गरिने सम्पुर्ण क्रियाकलापहरुको योजना तथा बजेट उल्लेख गरिएको विस्तृत विवरण भएको दस्तावेज लाई सम्झनु पर्दछ।

३. **विधिको उद्देश्यः** (१) यस विधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन गर्न सहयोग गर्ने,

(ख) प्रदेश तथा स्थानीय तहमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको संस्थागत विकास गर्न प्रभावकारी हुने,

(ग) सरोकारवालाको क्षमता अभिवृद्धिमा सहजीकरण गर्ने,

(घ) प्रणाली/परियोजना कार्यान्वयनका लागि नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न सहजता कायम हुने,

(ङ) प्रणाली/परियोजना कार्यान्वयन गर्न गठन हुने संरचनाहरुको कार्यपद्धती/कार्ययोजना अनुसार कार्यान्वय गर्न सहयोग गर्ने ।

परिच्छेद -२

संस्थागत संरचनाको व्यवस्था

४. परियोजना कार्यान्वयन तथा समन्वय समिति (Project Implementation and Coordination Committee) :

(१) मन्त्रालयबाट सञ्चालन हुने समग्र परियोजना कार्यान्वयनको लागि आवश्यक नीति तर्जुमा, समन्वय एवं मार्गदर्शन गर्न नेपाल सरकार र स्वीस सरकारबीच भएको दुई पक्षीय सम्झौता र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो चरणको दस्तावेज अनुसार देहाय बमोजिमको परियोजना कार्यान्वयन तथा समन्वय समिति रहनेछः-

(क) अध्यक्ष -सचिव, **सामाजिक विकास** मन्त्रालय

(ख) सदस्य- निर्देशक, प्रदेश प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्

(ग) सदस्य -प्रतिनिधि अधिकृतस्तर , मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(घ) सदस्य- प्रतिनिधि अधिकृतस्तर, अर्थ मन्त्रालय

(ङ) सदस्य- प्रतिनिधि अधिकृतस्तर , प्रदेश नीति तथा योजना आयोग

(च) सदस्य- प्रतिनिधि अधिकृतस्तर , उद्योग, पर्यटन तथा वन मन्त्रालय

(छ) सदस्य- प्रतिनिधि अधिकृतस्तर , महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालय

(ज) सदस्य- प्रतिनिधि अधिकृतस्तर , भौतिक पूर्वाधार विकास मन्त्रालय मन्त्रालय

(झ) सदस्य- प्रतिनिधि, प्रदेश उद्योग परिसंघ

(ञ) सदस्य- प्रतिनिधि, प्रदेश उद्योग बाणिज्य महासंघ

(ट) सदस्य –प्रदेश नेपाल चेम्वर अफ कमर्स

(ठ) सदस्य सचिव -प्रशासन योजना/शिक्षा महाशाखा प्रमुख, **सामाजिक विकास** मन्त्रालय

(ड) स्थायी आंमन्त्रित सदस्य - प्राविधिक संयोजक, प्रादेशिक परियोजना सहयोग इकाई, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार बिषयगत विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रणाली/परियोजना कार्यान्वयन गर्ने क्रममा रणनीतिक विषयवस्तुमा छलफल गरी कार्यान्वयनका लागि निर्देशन दिने,

(ख) आवश्यकता अनुसार परियोजना कार्यान्वयनको लागि आवश्यक नीतिगत मार्ग निर्देश गर्ने,

(ग) परियोजना सञ्चालनको लागि प्रदेश परियोजना समन्वय इकाईले तयार गरेको वार्षिक कार्यक्रम तथा बजेट र परियोजनासँग सम्वन्धित दस्तावेज र मापदण्ड स्वीकृत गर्ने,

(घ) प्रणाली/परियोजना संचालनको लागि प्रदेश परियोजना समन्वय इकाईले तयार गरेको आवधिक प्रतिवेदनहरु स्वीकृत गर्ने,

(ङ) प्रणाली/परियोजना सञ्चालनको लागि आवश्यकता अनुसार संघीय र प्रादेशिक अन्तर मन्त्रालय समन्वय गर्ने,

(च) परियोजना अन्तर्गत सञ्चालित कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण र निर्देशन दिने,

(छ) परियोजना कार्यान्वयन सम्बन्धमा उत्पन्न विवाद समाधान गर्ने,

(ज) अपेक्षित उपलब्धी हासिल गर्ने कार्यको लागि प्रदेश परियोजना समन्वय इकाईलाई निर्देशन दिने,

(झ) कार्यक्रम कार्यान्वयमा प्रदेश परियोजना सहयोग इकाईलाई जिम्मेवार बनाउने र प्रदेश परियोजना सहयोग इकाईबाट सम्पादित कार्यको नियमित रुपमा प्रतिवेदन लिने र पृष्ठपोषण प्रदान गर्ने,

(ञ) संघीय तहको परियोजना कार्यान्वयन इकाईसँग आवश्यकता अनुसार सञ्चार र समन्वय गर्ने,

(ट) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयनका लागि सस्थागत संरचनाको स्थापना, विकास र सबलीकरण गर्ने ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नेछ र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ।

५. **प्रदेश परियोजना समन्वय इकाई** (Province Project Coordination Unit): (१) मन्त्रालयबाट सञ्चालन हुने नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना कार्यान्वयनको लागि नेपाल सरकार र स्वीस सरकारबीच भएको दुई पक्षीय सम्झौता र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो चरणको दस्तावेज अनुसार आवश्यक समन्वय र अनुगमन गर्नका लागि देहाय बमोजिमको परियोजना समन्वय इकाई रहनेछः-

(क) संयोजक- शिक्षा महाशाखा प्रमुख, **सामाजिक विकास** मन्त्रालय

(ख) सदस्य- लेखा प्रमुख,**सामाजिक विकास** मन्त्रालय

(ग) सदस्य-प्रतिनिधि, राष्ट्रिय सीप परिक्षण समिति, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, प्रदेशस्थित कार्यालय

(घ) सदस्य — प्रतिनिधि, व्यावसायिक सीप विकास तालिम केन्द्र

(ङ) सदस्य-सचिव- शिक्षा शाखा प्रमुख, **सामाजिक विकास** मन्त्रालय

(२) दफा ५(१) बमोजिमको इकाईको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी परियोजना कार्यान्वयन तथा समन्वय समितिमा स्वीकृतिका लागि पेश गर्ने,

(ख) स्वीकृत भएको वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने,

(ग) चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन परियोजना कार्यान्वयन तथा समन्वय समिति र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाई मार्फत संघीय परियोजना समन्वय इकाईमा पठाउने,

(घ) सरोकारवालाहरुको क्षमता अभिवृद्धिका लागि यस विधिको दफा १२ बमोजिम कार्यान्वयन गर्ने,

(ङ) सीप मूल्याङ्कन प्रमाणीकरण कार्यका लागि अनुगमनका मापदण्ड तयार गरी समितिमा पेश गर्ने

(च) सीप परीक्षण केन्द्रको अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(छ) सीप प्रमाणीकरण, मूल्यांकन तथा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीका कार्यहरुका लागि रोस्टर लगायतका डाटाबेस निर्माण तथा तथ्याङ्क अद्यावधिक गर्ने,

(ज) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयनका क्रममा सीप परीक्षण कार्यका लागि दफा ११ बमोजिम जनशक्तिको व्यवस्थापन गर्न सहयोग गर्ने

(झ) नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सम्बन्धी कार्यशाला, बैठक संचालन गर्ने,

(ञ) राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी सचेतनाका लागि सूचना प्रसार गर्न स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने,

(ट) मन्त्रालय र परियोजना कार्यान्वयन तथा समन्वय समिति को नीति निर्देशनमा रही स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन गर्ने,

(ठ) परियोजना व्यवस्थापनको जिम्मेवारी वहन गर्ने,

(ड) विभिन्न सरोकारवाला निकाय, संघसंस्थाहरुसँग समन्वय गर्ने।

(३) उपदफा (४) बमोजिमको समितिको बैठक कम्तीमा महिनामा एकपटक र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ।

६. प्रदेश परियोजना सहयोग इकाई (Province Project Support Unit (PPSU): (१) मन्त्रालयबाट सञ्चालन हुने नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना कार्यान्वयनको लागि परियोजना कार्यान्वयन तथा समन्वय समिति र प्रदेश परियोजना सहयोग इकाई लाई प्राविधिक सहयोग गर्नको लागि परियोजनाको दस्तावेज बमोजिम देहायका कर्मचारी सदस्य भएको प्रदेश परियोजना सहयोग इकाई रहनेछः-

(क) प्राविधिक संयोजक – संयोजक

(ख) अनुगमन अधिकृत – सदस्य

(ग) प्राविधिक सहायक – सदस्य

(२) दफा ६(१) बमोजिमको इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी प्रदेश परियोजना समन्वय इकाईमा पेश गर्न सहयोग गर्ने,

(ख) अनुमोदन भएको वार्षिक कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने,

(ग) वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रदेश परियोजना समन्वय इकाईमा पेश गर्ने,

(घ) सरोकारवालाहरुको क्षमता अभिवृद्धिका लागि यस विधिको दफा ११ बमोजिम कार्यान्वयन गर्न सहयोग गर्ने,

(ङ) सीप मूल्यांकन/प्रमाणीकरण कार्यको लागि अनुगमनका विधि तथा उपकरणहरुको अद्यावधिक गर्न सहयोग गर्ने,

(च) सीप परीक्षण केन्द्रको अनुगमन तथा सुपरीवेक्षण गर्न सहयोग गर्ने,

(छ) सीप प्रमाणीकरण, मूल्यांकन तथा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीका कार्यहरुका लागि डाटाबेस निर्माण, तथ्याङ्क अध्यावधिक गर्न सहयोग गर्ने,

(ज) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयनका क्रममा सीप प्रमाणीकरण सम्बन्धी कार्यहरुको लागि नियमावली अनुसार योग्य जनशक्तिको चयन/भर्ति गर्न वा विज्ञको सेवा खरिद विधिको दफा ११ बमोजिम कार्यान्वयका लागि सहयोग गर्ने,

(झ) नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सम्बन्धी कार्यशाला, बैठक संचालनका लागि सहयोग गर्ने, सहयोग सामाग्री विकास र वितरण गर्न सहयोग गर्ने,

(ञ) नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सम्बन्धी सचेतनाका सामाग्री विकास र वितरण लागि सहयोग गर्ने सूचना प्रसार सामग्रीको विकासका लागि सहयोग गर्ने

(ट) परियोजना कार्यान्वयका लागि स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्न सहयोग गर्ने,

(ड) संघीय सहयोग इकाईबाट संचालन गरिने विभिन्न कार्यक्रमहरुमा समन्वयकारी भूमिका निर्वाह गर्ने।

(३) दफा ६ को उपदफा (१) बमोजिमको इकाईको सम्पूर्ण व्यवस्थापन Swisscontact (SWISS FOUNDATION FOR TECHNICAL COOPERATION) अन्तर्गत संघीय परियोजना सहयोग इकाईले गर्नेछ।

परिच्छेद -३

प्रणाली/परियोजना कार्यान्वयन, सीप मूल्यांकन/प्रमाणीकरणको अनुगमन र प्रतिवेदन

७. **प्रणाली/परियोजना कार्यान्वयनः** (१) प्रणाली/परियोजना कार्यान्वयनका लागि नतिजामा आधारित अवधारणा अनुसार प्रदेश परियोजना सहयोग इकाईले सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया गरी प्राप्त सुझावहरु समेतका आधारमा वार्षिक कार्यक्रम कार्ययोजना (YPO) तयार गरी परियोजना कार्यान्वयन तथा समन्वय समिति मा पेश गर्नेछ।

(२) परियोजना कार्यान्वयन तथा समन्वय समितिद्वारा स्वीकृत वार्षिक कार्यक्रम कार्ययोजना अनुसार प्रदेश परियोजना सहयोग इकाईले कार्यान्वयन गर्नुपर्नेछ ।

८. **अनुगमन तथा मूल्याङ्कनः** (१) प्रदेश परियोजना सहयोग इकाईले सीप परीक्षण कार्यक्रमलाई थप गुणस्तरीय र प्रभावकारी बनाउन वार्षिक अनुगमन कार्ययोजना तयार गरी निरीक्षण तथा अनुगमन गर्नेछ।

(२) सीप परीक्षण केन्द्रहरुको गुणस्तर सुनिश्चितताका लागि अनुगमन तथा सुपरिवेक्षण गर्ने।

(३) अनुगमन प्रतिवेदनका आधारमा प्रदेशका सीप परीक्षण केन्द्रको नवीकरण गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने।

(४) अनुगमनका क्रममा दिइएको सुझावहरुलाई कार्यान्वयन गरी न्युनतम मापदण्ड पुरा नगरेका सीप परीक्षण केन्द्रहरुलाई खारेजीको लागि सम्वन्धित निकायमा सिफारिस गर्ने।

९. <u>परियोजनाको वार्षिक समीक्षाः</u> (१) परियोजनाको वार्षिक समीक्षा आर्थिक वर्ष सकिएको दुई महिनाभित्र गर्नु पर्नेछ ।

१०. <u>प्रतिवेदनः</u> (१) वार्षिक कार्यक्रम कार्ययोजना अनुसार सम्पादन गरेका कार्यहरुको प्रगति प्रतिवेदन तयार गरी परियोजना समन्वय इकाई (PPCU) ले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) दफा १० को उपदफा (१) बमोजिम प्रत्येक कार्यक्रमको छुट्टाछुट्टै प्रतिवेदन तयार गरी अभिलेखीकरण समेत गर्नु पर्नेछ।

परिच्छेद - ४
जनशक्ति व्यवस्थापन तथा क्षमता अभिवृद्धि

११. <u>क्षमता अभिवृद्धिः</u> (१) गुणस्तरीय सीप परीक्षण र पूर्व सिकाइको मान्यता विधि (RPL) को कार्यान्वयनका लागि सरोकारवालाको क्षमता अभिवृद्धिका देहाय बमोजिमका कार्य प्रदेश परियोजना समन्वय इकाईले गर्नेछः-

(क) सीप परीक्षण केन्द्रहरुलाई मूल्याङ्कनको विधि प्रक्रियाबारे तालिम संचालन गर्ने,

(ख) सीप परीक्षण केन्द्रको आवश्यकताको आँकलन गरी आवश्यकताका आधारमा सवलीकरण गर्ने,

(ग) सीप परीक्षण केन्द्रलाई आवश्यकताको आधारमा भौतिक विकासका लागि सहयोग गर्ने,

(घ) औद्योगिक क्षेत्रको श्रमिकको माग र आपूर्तिको आँकलन गरी मागलाई सम्बोधन गर्नका लागि प्रदेश स्तरीय एक डाटाबेस तयार गर्ने,

(ङ) मन्त्रालय अन्तर्गतका सम्बन्धित कर्मचारीहरुलाई प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणका लागि तालिम सञ्चालन गर्ने,

(च) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीलाई कार्यान्वयन गर्नका लागि आवश्यक संयन्त्र र संरचनामा संलग्न हुने जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,

(छ) सीप परीक्षणकर्ताहरुको क्षमता अभिवृद्धि गर्न तालिम संचालन गर्ने ।

मधेश प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
जनकपुरधाम धनुषा, नेपाल

परिच्छेद - ५

कार्यक्रम तथा वित्तीय व्यवस्थापन

१३. कार्यक्रम तथा बजेटः (१) व्यावसायिक योग्यता प्रणाली कार्यन्वयनका लागि स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम प्रदेश परियोजना समन्वय इकाईले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्नेछ ।

(२) प्रदेश परियोजना समन्वय इकाईले तयार गरेको बजेट तथा कार्यक्रम परियोजना कार्यान्वयन तथा समन्वय समितिमा पेश गरिनेछ ।

(३) परियोजना कार्यान्वयन तथा समन्वय समिति र प्रदेश परियोजना सहयोग इकाईका पदाधिकारीहरुको बैठक भत्ता, दैनिक भ्रमण भत्ता नेपाल सरकार/ प्रदेश सरकारको खर्च मापदण्ड अनुसार हुनेछ ।

१४. कोष प्रवाह तथा वित्तीय प्रबन्धः (१) वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भएपछि प्रदेश परियोजना सहयोग इकाईले प्रणाली/परियोजनाको क्रियाकलाप कार्यान्वयन गर्न मन्त्रालयमा प्राप्त अख्तियारीको आधारमा मन्त्रालयबाट भुक्तानी हुनेछ ।

(२) प्रदेश परियोजना समन्वय इकाईले बजेट तथा कार्यक्रम सम्बन्धी सम्पूर्ण क्रियाकलापहरुको कार्यान्वयन तथा समन्वय गर्नेछ ।

(३) प्रणाली/परियोजनाको खर्चको लेखाङ्कन, लेखापरीक्षण तथा प्रतिवेदन प्रचलित कानून बमोजिम हुनेछ ।

परिच्छेद - ६

संस्थागत विकास

१५. राष्ट्रिय व्यवसायिक योग्यता प्रणालीको संस्थागत विकासः (१) प्रदेश तथा स्थानीय तहमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको संस्थागत विकासको लागि देहायका कामहरु गरिनेछः-

(क) प्रदेशभित्र औद्योगिक क्षेत्रमा श्रमिकको माग र आपूर्तिको आँकलन गरी तथ्यांक संकलन तथा डाटावेस तयार तथा अद्यावधिक,

(ख) प्रदेश भित्र औद्योगिक क्षेत्रको श्रमिकको माग र आपूर्तिको अवस्था सन्तुलन गर्न आवश्यकता अनुसार क्षेत्रगत सीप समिति (Sector Skills Committee) लाई सुझाव ,

(ग) प्रदेश भित्र औद्योगिक क्षेत्रको श्रमिकको माग र आपूर्तिको अवस्था सन्तुलन गर्न औद्योगिक क्षेत्रका प्रतिनिधिहरुसँग नियमित छलफल गरी आवश्यकतानुसार सम्बन्धित निकायमा समन्वय गर्ने,

(घ) प्रदेशभित्र श्रम बजारको अन्तर (Labor Market Gap) पहिचान गरी समुदायगत विशिष्ट परम्परागत पेशागतसीप पहिचान र स्तरीकृत गरी राष्ट्रिय योग्यता/क्षमता मानक (National Competency Standard-NCS) बनाउन संघीय निकायसँग समन्वय तथा सहजीकरण गर्ने,

मधेश प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
जनकपुरधाम धनुषा, नेपाल

(ङ) प्रदेशदेखि स्थानीय तहसम्म राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीलाई लागू गर्न आवश्यक संयन्त्र निर्माण गर्ने,

(च) संचालित सबै कार्यक्रमहरु राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपसँग मिले नमिलेको सुनिश्चित गर्ने,

(छ) नेपालमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको संस्थागत विकासको लागि संघीय इकाई/निकायहरुलाई पृष्ठपोषण दिने।

१६. **स्थानीय तह** प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम **समन्बय समिति (Local Level TVET Coordination Committee)**

प्रदेशमा रहेका प्रत्येक स्थानीय तहले आफु मातहत संचालन भएका सम्पुर्ण प्राविधिक तथा व्यावसायिक शिक्षा र सबै प्रकारका तालिम कार्यक्रमहरुको विद्यमान अवस्था, समस्या, चुनौती, सम्भावित समाधान, र व्यवस्थित रुपमा कार्यन्बयन गर्न संमन्बयनकारी भूमिका निर्वाह गरि सहयोग पुर्‍याउनका लागि स्थानीय तह प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम समन्वय समिति (Local Level TVET Coordination Committee) निर्माण गर्ने छ । स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम समन्वय समिति स्थापना गर्नुको प्रमुख उद्देश्य प्राविधिक तथा व्यावसायिक शिक्षा र सबै प्रकारका तालिमको समन्वयात्मक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यक्रमको उचित कार्यान्वयनका लागि पालिकाको क्षमतालाई सुदृढ गर्ने रहेको छ। उक्त समितिले पालिका भित्र भएका प्राविधिक र व्यावसायिक शिक्षा र यससंग सम्बन्धित सबै प्रकारका तालिमहरु सरोकारहरुसंग आबश्यक समन्बय गर्ने छ । साथै सम्पुर्ण सरोकारवालाहरुको प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम र राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली को बारेका क्षमता अभिबृद्धी गर्नका लागी सहजीकरण गर्ने छ । स्थानीय तहभित्र संचालन हुने समग्र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम क्षेत्रलाई व्यवस्थित गर्दै व्यावसायिक योग्यता प्रणाली लागू गर्न पालिकालाई सक्षम बनाउनेछ। पालिका भित्र बन्ने प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम समन्वय संयन्त्रमा सम्वन्धित स्थानीय तहको तपशिल बमोजिमको ३ देखि ५ जनाको समिति गठन गर्न सकिनेछ।

संयोजक : उपमेयर/उपाध्यक्ष,

सदस्यः शिक्षा शाखा / महाशाखा प्रमुख,

सदस्यः सामाजिक विकास शाखा प्रमुख,

सदस्यः रोजगार संयोजक

सदस्यः स्थानीय रोजगारदाता मध्यबाट १ जना महिला सहित जना

सदस्य सचिव : प्रमुख कार्यकारी अधिकृत

१७. **स्थानीय तह** प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम **समन्वय समिति को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(१) स्थानीय तहमा विद्यमान प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यक्रमको अवस्था, समस्या, समस्याबारे छलफल र खोजी गर्ने,

(२) प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यान्वयनको उत्कृष्ट ढाँचाका बारेमा छलफल एवमं खोजी गर्ने,

(३) स्थानीय तहभित्रका विभिन्न कार्यक्रमको विद्यमान प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम सम्बन्धि कार्यान्वयन समितिलाई समन्वय गर्ने र सल्लाह दिने,

(४) प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यक्रम र राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको फाईदाबारे जनचेतना जगाउने र जानकारी गराउने,

(५) सीप मूल्याङ्कन केन्द्र स्थापना गरिसकेका स्थानीय तहसँग समन्वय गरी सीप मूल्याङ्कन केन्द्र स्थापना गर्न सहजीकरण र सहयोग गर्ने,

(६) स्थानीय तहभित्रका उद्योग, व्यवसाय र संघसंस्थामा आवश्यक पर्ने दक्ष जनशक्ति र पेशा पहिचान गर्न सहजीकरण गर्ने,

(७) धेरै मात्रामा माग हुने सेवा र उत्पादनका लागि आवश्यक पर्ने पुराना स्थानीय सीपहरुको पेशाको पहिचान गरी प्रदेश परियोजना सहयोग इकाई मार्फत राष्ट्रिय सीप परीक्षण समितिलाई सीप प्रमाणिका विकासको लागि सिफारिस गर्ने,

(८) स्थानीय तहमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीमा आधारित सीप मूल्याङ्कन सञ्चालन गर्न पूर्वाधार स्थापना गर्न सहजीकरण र सहयोग गर्ने,

(९) पालिकाको प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यान्वयन क्षमता सुदृढ गर्न प्रदेश स्थित प्रदेश परियोजना सहयोग इकाईद्वरा आयोजित पालिकाहरुको संजालको बैठकमा भाग लिने ।

परिच्छेद -७
विविध

१९. **विधिमा संशोधनः** (१) यस विधिमा कुनै संशोधन गर्नु परेमा मन्त्रालयले सो अनुसार गर्न सक्नेछ।

(२) यस विधिमा उल्लेखित कुनै प्रावधानहरु नेपाल कानुन वा प्रदेश कानुनसँग बाँझिएमा बाझिएको हदसम्म यो विधिको प्रावधान अमान्य हुनेछ।

२०. **वाधा अडकाउ फूकाउनेः** यस विधि कार्यान्वयनमा कुनै बाधा वा समस्या आइपरेमा मन्त्रालयले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।

२१. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्याविधिमा उल्लेख भए देखि बाहेकका अन्य विषयहरुमा प्रचलित कानुन बमोजिम हुनेछ।